# गभर्नर श्री विजयनाथ भट्टराईले
# २०६३ श्रावण ७ गते
# सार्वजनिक जानकारीको लागि प्रस्तुत गर्नुभएको
# आर्थिक वर्ष २०६३।६४ को
# मौद्रिक नीतिको
# सार संक्षेप


**नेपाल राष्ट्र बैंक**
केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं

२०६३

## गभर्नर श्री विजयनाथ भट्टराईले
## २०६३ श्रावण ७ गते सार्वजनिक जानकारीको लागि प्रस्तुत गर्नु भएको
## आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको सार संक्षेप

### पृष्ठभूमि

१. आर्थिक वर्ष २०५९।६० देखि मूल्य स्थिरता, बाह्य क्षेत्र स्थायित्वको लागि आवश्यक विदेशी विनिमय सञ्चिति तथा वित्तीय क्षेत्र स्थायित्व कायम गर्नुका साथै उच्च तथा दीगो आर्थिक वृद्धिलाई सहज तुल्याउने मूलभूत उद्देश्यका साथ यस बैंकले प्रत्येक वर्ष वार्षिक मौद्रिक नीति तर्जुमा गरेर यसलाई सार्वजनिक गर्दै आइरहेको छ ।

२. यस आर्थिक वर्ष पनि अघिल्लो वर्ष अंगिकार गरिएका मौद्रिक नीतिका लक्ष्य तथा नीतिगत व्यवस्थाको कार्यान्वयनको अवस्था र यो वर्षको मौद्रिक नीतिको तर्जुमाका आधारहरु तथा नीतिगत व्यवस्थाको विस्तृत विश्लेषण यहाँहरुको सामु सार्वजनिक गर्दैछु । तर अहिले म आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको मूल दस्तावेजको सारसंक्षेप मात्र यस समारोहमा प्रस्तुत गर्न चाहन्छु ।

**यस क्रममा सबभन्दा पहिले आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिका आर्थिक लक्ष्यको स्थितिका बारे संक्षिप्त प्रकाश पार्न चाहन्छु ।**

३. विगत एक दशकयता चलिरहेको द्वन्द्व तथा राजनैतिक गतिरोध, प्रतिकूल मौसम र पेट्रोलियम पदार्थको उच्च मूल्य वृद्धिको मार आर्थिक वर्ष २०६२।६३ ले पनि भोग्नु पऱ्यो । परिणामस्वरुप, मुलुकमा पूँजीगत लगानी बढ्न सकेन । आर्थिक गतिविधिहरू शिथिलप्राय: रहे । मुद्रास्फीति उच्च चापको स्थितिमा रह्यो ।

४. १९ दिनसम्म चलेको दोस्रो ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप विगत केही वर्षयता चर्केको राजनैतिक गतिरोध समाधान हुने स्थिति देखिएको छ । यसका साथै, द्वन्द्वरत राजनैतिक शक्तिहरूबीच भएको सहमति तथा वार्ताको परिणामस्वरुप विगत दश वर्षसम्म मुलुकले व्यहोर्नु परेको अन्यौलले निकाश पाउने अवस्था देखिएको छ ।

५. नेपाल सरकारको आय-व्ययको सार्वजनिक जानकारी वक्तव्यसँग तादात्म्य हुने गरी यस बैंकको मौद्रिक नीति स्वतन्त्रतापूर्वक तर्जुमा गर्ने परम्परा रहेको पृष्ठभूमिमा सम्भव भएसम्म सरकारी वित्त नीतिमा लक्षित आर्थिक वृद्धिदर सहज तुल्याउने उद्देश्य बमोजिम आर्थिक वर्ष २०६२।६३ को वार्षिक मौद्रिक नीतिमा आर्थिक वृद्धिदर ४ देखि ४ दशमलव ५ प्रतिशतमा रहने अनुमान गरिएको थियो । आर्थिक वृद्धिदरको उक्त अनुमान मौसम अपेक्षित रही कृषि उत्पादन वृद्धि सन्तोषजनक रहने, द्वन्द्व समाधान हुनसक्ने र यसको परिणामस्वरुप मुलुकमा शान्ति बहाली भई गैरकृषि क्षेत्रमा सकारात्मक प्रभाव पर्ने र उच्च विश्व उत्पादन तथा छिमेकी मुलुकहरूको उच्च आर्थिक वृद्धिदरबाट नेपाली अर्थतन्त्र लाभान्वित हुने आधारमा तय गरिएको थियो ।

६. केन्द्रीय तथ्याङ्क विभागले आर्थिक वर्ष २०६२।६३ मा कुल गार्हस्थ्य उत्पादनको (साधनको लागत मूल्यमा) वृद्धिदर २ दशमलव ३ प्रतिशत रहने प्रारम्भिक अनुमान हालसालै

सार्वजनिक गरेको छ। तथ्याङ्क विभागले आर्थिक वर्ष २०६२।६३ मा उत्पादकको मूल्यमा कुल गार्हस्थ्य उत्पादन १ दशमलव ९ प्रतिशत रहने जनाएको छ। आर्थिक वर्ष २०६२।६३ मा मौसम अपेक्षित रहन नसकेकोले कृषि उत्पादन वृद्धि १ दशमलव ७ प्रतिशतमा सीमित रह्यो। राजनैतिक गतिरोध तथा आन्तरिक विद्रोहका कारण गैरकृषि क्षेत्रको वृद्धिदर २ दशमलव ८ प्रतिशतमा सीमित रहन पुग्यो।

७. आर्थिक वर्ष २०६२।६३ मा मुद्रास्फीतिमा बढी चापको स्थिति देखापर्‍यो। विश्वस्तरमा पेट्रोलियम पदार्थको मूल्य क्रमशः घट्दै जाला भन्ने अपेक्षा विपरीत सोको मूल्य वृद्धि जारी रहेकोले नेपालमा २०६२ भाद्र ३ गते पेट्रोलियम पदार्थको औसत ११ दशमलव ३ प्रतिशत र २०६२ फाल्गुन ५ गते औसत १४ दशमलव १ प्रतिशतका दरले मूल्यवृद्धि भयो। २०६२ फाल्गुनमा यातायातको भाडादर २५ देखि २८ प्रतिशत वृद्धि गरिएको परिणामस्वरुप मुद्रास्फीतिमा चापको स्थिति देखापरेको हो। आर्थिक वर्षको पहिलो अर्धवार्षिक समयावधिमा कृषिजन्य वस्तुहरूको मूल्य विगतमा घट्ने प्रवृत्ति विपरीत आर्थिक वर्ष २०६२।६३ मा सोको मूल्य वृद्धि उच्च रह्यो। हाल सम्मको प्रवृत्तिलाई हेर्दा आर्थिक वर्ष २०६२।६३ मा वार्षिक औसत मुद्रास्फीति ८ प्रतिशतको हाराहारीमा रहने संशोधित अनुमान छ।

८. आर्थिक वर्ष २०६२।६३ मा निजी क्षेत्रको विप्रेषण आप्रवाह अनुमान गरेभन्दा उत्साहजनक रुपमा बढेकोले चालू खाता बचतमा रही शोधनान्तर बचत लक्षितभन्दा अधिक कायम हुने देखिएको छ। आर्थिक वर्ष २०६२।६३ को प्रथम दश महिनासम्म शोधनान्तर बचत रु २० अर्ब कायम रहेको सन्दर्भमा आर्थिक वर्षको अन्त्यसम्ममा पनि सो स्तरमा ह्रास आउन सक्ने कुनै लक्षण देखिंदैन।

९. विगत केही वर्षदेखि वित्तीय क्षेत्र स्थायित्वको सुदृढीकरण यस बैंकको एक महत्वपूर्ण लक्ष्यको रुपमा रहँदै आएको छ। यस उद्देश्य प्राप्तीका लागि वित्तीय क्षेत्र सुधारका विविध कार्यक्रमहरू सञ्चालनमा ल्याइएका छन्। यस बैंकको निरीक्षण तथा सुपरिवेक्षण क्षमता अभिवृद्धि गर्ने, अन्तर्राष्ट्रियस्तरका वित्तीय मापदण्डहरू लागू गर्ने, ऋण असूली न्यायाधीकरणको गठन गरी कार्य सुरु गर्ने, कर्जा सूचना केन्द्रको सुदृढीकरण, शंकर शर्मा अध्ययन समितिले सुझाव गरेअनुरुप बैंकको ऋण नतिर्ने ऋणीसम्बन्धी कालोसूची सम्वन्धि व्यवस्थामा परिमार्जन, गुनासो सुनुवाई एकाइको गठन र समस्याग्रस्त नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंकहरूको व्यवस्थापन विदेशी समूहलाई हस्तान्तरण गर्ने जस्ता वित्तीय सुधार कार्यक्रमहरू विगत चार वर्षदेखि कार्यान्वयनको अवस्थामा रहेका छन्।

१०. वित्तीय क्षेत्र सुधारका यी महत्वपूर्ण कार्यक्रमहरूको कार्यान्वयनले गर्दा विगतमा बिग्रंदो अवस्थामा रहेका बैंकहरूको वित्तीय स्वास्थमा केही सुधार अवश्य आएको छ। उदाहरणको लागि २०५९ असारमा वाणिज्य बैंकहरूको कुल कर्जा लगानीमा खराब कर्जाको अनुपात ३० दशमलव ४ प्रतिशत रहेकोमा २०६२ चैत्रमा उक्त अनुपात १८ प्रतिशतमा झरेको छ। विगत कैयौं वर्षदेखि नेपाल बैंक लिमिटेड र राष्ट्रिय वाणिज्य बैंक सञ्चालन घाटाको स्थितिमा रहँदै आएकोमा ती बैंकहरु आर्थिक वर्ष २०६०।६१ देखि सञ्चालन मुनाफाको स्थितिमा रुपान्तरण भएका छन्।

११. अझै पनि नेपालको वित्तीय क्षेत्र जोखिममुक्त अवस्थामा भने आइसकेको छैन। वाणिज्य बैंकहरूको खराब कर्जा अनुपात अझै १८ प्रतिशत (२०६२ चैत्र मसान्तसम्म खराब कर्जा रकम करिब रु २९ अर्ब) रहेबाट नेपालमा वित्तीय क्षेत्र स्थायित्व कायम गर्ने कार्य चुनौतीपूर्ण रहेको स्पष्ट हुन्छ। समस्याग्रस्त राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेड बाहेक निजी

क्षेत्रका केही वाणिज्य बैंकहरूको खराब कर्जा अनुपातको उच्च वृद्धिलाई यस बैंकले गम्भीरतापूर्वक लिएको छ ।

१२. केही सीमित ठूला ऋणीहरूले ऋण तिर्न आनाकानी गरिरहेकाले राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लिमिटेडको खराब कर्जाको अनुपातमा उल्लेख्य सुधार आउन नसकेको हो । ऋण नतिर्ने ठूला ऋणीहरूको तर्फबाट देशको समग्र आर्थिक स्थिति सन्तोषजनक नरहेको कारणले गर्दा ऋण तिर्न नसकिएको तर्क आउने गरेको छ। कालो सूचीमा परिमार्जन गरिएपश्चात् ठूला ऋणी समूहबाट सीमित दायित्वको अवधारणा अघि सारेर ऋण असूलीमा अवरोध सिर्जना गर्ने कार्य पनि भइरहेको छ। ठूला ऋणीहरूलाई आफ्नो कारोबार पारदर्शी बनाउन तथा आफ्नो सम्पत्ति मूल्याङ्कन गराई सो विवरण सार्वजनिक घोषणा गर्न लगाउने, झुटो सम्पत्ति विवरण घोषणा गरेको पाइए कानूनी कारबाही गर्ने र एक निश्चित अवधि (cut off time) तोकी यस्ता ऋणीहरूलाई पृथकीकरण गरी कडाईका साथ सम्बोधन गर्नुपर्ने आवश्यकता देखिएको छ। यसका साथै यस्ता ऋणहरूको उपचारात्मक उपायहरू अवलम्बन गर्नुपर्ने र एकपटक समाधान खोज्नु अत्यन्त जरुरी भइसकेको छ। यस कार्यको लागि सबै सरोकारवाला लगायत नेपाल सरकारको सक्रिय सहयोग रहनु पर्ने यस बैंकको धारणा रहँदै आएको छ ।

**अब म आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिको रणनैतिक लक्ष्यको स्थिति संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।**

१३. स्थिर विनिमयदर प्रणालीलाई मौद्रिक अंकुशको रुपमा अवलम्बन गरिएको पृष्ठभूमिमा यस बैंकले नेपाली रुपैयाँ (ने.रु.) को यथार्थ प्रभावी विनिमयदर अनुगमन गर्ने गरेको छ। मुद्रास्फीतिमा चापको स्थिति रहेकोले ने.रु.को यथार्थ प्रभावी विनिमयदर सीमान्त रुपले अधिमूल्यित भए पनि यो स्तरको विनिमयदर अधिमूल्यन मात्रले नेपाली वस्तु तथा सेवाको निर्यातमा प्रतिकूल असर पार्ने भने देखिंदैन ।

१४. निजी क्षेत्रको विप्रेषण आप्रवाह अनुमान गरेभन्दा अधिक मात्राले बढेकाले आर्थिक वर्ष २०६२।६३ मा विस्तृत मुद्रा प्रदाय १६.३ प्रतिशतले विस्तार हुने अनुमान छ ।

१५. आर्थिक वर्ष २०६२।६३ मा लगानीको वातावरण बन्न नसकेको र वाणिज्य बैंकहरूले पनि कर्जा लगानीमा सतर्कता अपनाएका कारण निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा वृद्धिदर अनुमान गरेभन्दा न्यून रहेको छ। सरकारी राजश्वको तुलनामा खर्च विस्तार भएकोले नेपाल सरकारले उपयोग गर्ने बैंक कर्जामा भने विस्तार आएको छ ।

१६. यस बैंकले विगत दुई वर्षदेखि वाणिज्य बैंकहरूसँगको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा लिंदै आएको छ। यस बैंकले तरलता अनुगमन तथा प्रक्षेपण संरचनाको आधारमा वाणिज्य बैंकहरूसँगको अधिक तरलता स्थितिको अनुगमन गरी सो संरचनाले औंल्याए बमोजिमको मौद्रिक कारोबार सञ्चालन गर्दै आएको छ। यस क्रममा आर्थिक वर्ष २०६२।६३ मा यस बैंकले आफ्नो स्वामित्वमा रहेका रु. १३ अर्ब ५१ करोड बराबरको सरकारी ऋणपत्र बिक्री बोलकबोल मार्फत वाणिज्य बैंकहरूसँग रहेको अधिक नगद तरलता प्रशोचन गऱ्यो। यसको अतिरिक्त यस बैंकले रिभर्स रिपो बोलकबोलको माध्यमबाट रु ६ अर्ब ५० करोड बराबरको अल्पकालीन तरलता प्रशोचन गऱ्यो ।

**अब म विश्व आर्थिक परिदृश्यबारे संक्षिप्त रुपमा उल्लेख गर्न चाहन्छु ।**

१७. अन्तर्राष्ट्रिय मुद्रा कोषले विश्व उत्पादन वृद्धि सन् २००६ मा ४ दशमलव ९ प्रतिशत र सन् २००७ मा ४ दशमलव ७ प्रतिशत रहने प्रक्षेपण गरेको छ। संयुक्त राज्य अमेरिका, चीन, भारत र रसिया विश्व उच्च आर्थिक वृद्धिका स्रोत (engine) का रुपमा रहेका छन् । अफ्रिकन महादेश र यसको सवसहारा उपक्षेत्रमा ५ प्रतिशतभन्दा माथिको आर्थिक वृद्धि भइरहेको छ। दक्षिण अमेरिका क्षेत्रमा करिब ४ प्रतिशतको आर्थिक वृद्धिदर भइरहेको छ । विश्वस्तरमा उच्च तथा फराकिलो आर्थिक वृद्धि भइरहेको स्थितिमा नेपाल त्यसबाट बञ्चित हुनु चिन्ताको विषय हो ।

१८. अन्तर्राष्ट्रिय मुद्राकोषले सन् २००६ मा मुद्रास्फीति विकसित मुलुकहरूमा २ दशमलव ३ प्रतिशत, उदीयमान एसियन मुलुकहरूमा ३ दशमलव ८ प्रतिशत र छिमेकी मुलुक भारत र चीनमा क्रमशः ४ दशमलव ८ प्रतिशत र २ प्रतिशत रहने जनाएको छ। विगत डेढ वर्षयता विश्वस्तरमै खुकुलो मौद्रिक नीतिको रुझानलाई उल्ट्याई ब्याजदर बढाउने नीति लिइएकोले समेत विश्व मुद्रास्फीति यो स्तरको नियन्त्रित अवस्थामा रहन सकेको हो ।

१९. आन्तरिक द्वन्द्व र राजनैतिक गतिरोधका कारण नेपालले कुल गार्हस्थ्य उत्पादन वृद्धिदरको हिसाबले उच्च विश्व उत्पादन वृद्धिको फाइदा लिन नसके तापनि उच्च विश्व उत्पादन कायम रहेकाले क्षेत्रीय श्रम बजारमा नेपाली कामदारहरूको माग वृद्धि भइरहेको छ। यसको परिणामस्वरुप निजी क्षेत्रको विप्रेषण आप्रवाह उल्लेख्य बढेकाले द्वन्द्वको स्थितिमा पनि नेपालको बाह्य क्षेत्र सन्तुलित रहन सकेको छ ।

२०. छिमेकी मुलुक भारतले सन् १९९७ पछि दोस्रो पटक पूँजी खाता खोल्ने सम्बन्धमा अध्ययन गर्न र सुझाव पेश गर्न एक अध्ययन समिति गठन गरेको छ। भारतले पूँजी खातालाई परिवर्त्य बनाउन चाल्न सक्ने नीतिगत व्यवस्थालाई यस बैंकले रुचीपूर्वक अध्ययन गरिरहेको छ। पूँजी खाता खोल्दा आवश्यक पर्ने पूर्व शर्तहरू हाल नेपालमा कायम नरहे पनि सो खाता क्रमशः खुकुलो बनाउँदै लानु पर्ने आवश्यकता भने रहेको छ ।

**अब म आन्तरिक आर्थिक परिदृश्यको बारे संक्षिप्त विश्लेषण प्रस्तुत गर्न चाहन्छु ।**

२१. हालै सम्पन्न ऐतिहासिक जनआन्दोलनको परिणामस्वरुप आन्तरिक द्वन्द्व र राजनैतिक गतिरोधमा सुधार आएकाले नेपाली अर्थतन्त्रको विद्यमान न्यून आर्थिक वृद्धिदरको चक्रको दिशामा परिवर्तन आउने सम्भावना बढेको छ ।

२२. मुलुक हाल संक्रमणकालमा छ। आगामी दिनहरूमा अर्थतन्त्रमा स्वदेशी तथा विदेशी लगानी आप्रवाहको प्रवृत्ति विद्यमान संक्रमणकालीन वातावरणमा आउने सुधारमा निर्भर रहने छ। उच्च आर्थिक वृद्धिलाई आवश्यक पर्ने तरलता भने अर्थतन्त्रमा पर्याप्त मात्रामा उपलब्ध छ ।

२३. आर्थिक वर्ष २०६३।६४ मा नेपालको मुद्रास्फीतिको परिदृश्य विश्वस्तरमा तेलको मूल्य वृद्धि र नेपाल आयल निगमको कुल सञ्चित नोक्सानी रु ११ अर्ब रहेको स्थितिमा सो सम्बन्धमा गरिने नीतिगत व्यवस्थामा निर्भर रहने छ। विश्वको अधिक उत्पादन क्षमता हाल घटेको स्थितिमा भने विश्व मुद्रास्फीति बढ्ने देखिन्छ। विश्वका केन्द्रीय बैंकहरूले मौद्रिक नीतिको कठोर रुझान अपनाएकोले विश्व मुद्रास्फीति नियन्त्रित रही नेपाली मुद्रास्फीतिमा तदनुरुपको प्रभाव पर्ने यस बैंकको विश्वास रहेको छ ।

२४. निजी क्षेत्रको विप्रेषण आप्रवाह वृद्धि र दातृ समुदायबाट आवश्यक मात्रामा विदेशी सहयोग प्राप्त हुनसक्ने अनुमानको आधारमा आर्थिक वर्ष २०६३।६४ मा नेपालको बाह्य क्षेत्र स्थिर रहने सम्भावना छ। यसले राष्ट्रिय उत्पादनमा सकारात्मक प्रभाव पारे पनि तरलता व्यवस्थापन भने चुनौतीपूर्ण रहने देखिन्छ।

**अब म आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको आर्थिक लक्ष्य, रणनैतिक लक्ष्य र उपकरणबारे संक्षिप्त चर्चा गर्न चाहन्छु।**

२५. मौद्रिक नीतिका आर्थिक लक्ष्यहरूको स्थिति, तरलताको अवस्था र अघिल्ला वर्षहरूमा मौद्रिक नीति कार्यान्वयनको क्रममा प्राप्त अनुभवहरूलाई आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको रणनैतिक स्वरुप निर्धारणको आधारको रुपमा लिएको छु। आगामी दिनहरूमा प्रकट हुनसक्ने परिदृश्यलाई केन्द्रित गरी अग्रदृष्टिकोण (forward looking) को आधारमा पनि आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको स्वरुप निर्धारण गरिएको छ। विश्व आर्थिक स्थिति र विश्वका केन्द्रीय बैंकहरूको मौद्रिक नीतिको दिशालाई पनि आधारको रुपमा लिइएको छ।

**मौद्रिक नीतिको रुझान**

२६. नेपालको आर्थिक वृद्धिदर हाल न्यून रहेको सर्वविदितै छ। उच्च आर्थिक वृद्धिको लागि आवश्यक पर्ने मौद्रिक तरलता पर्याप्त मात्रामा रहँदा रहँदै पनि मूलतः गैरआर्थिक कारणले गर्दा आर्थिक वृद्धिदर न्यून रहेको हो। मूल्यमा भने चापको स्थिति छ। अधिक तरलताको सोझो असर अल्पकालीन ब्याजदर र निक्षेप ब्याजदरमा परेको छ। अन्तर्राष्ट्रिय स्तरमा ब्याजदरहरू बढ्ने क्रममा रहे पनि नेपालमा भने न्यूनस्तरमा रहेका छन्। यस पृष्ठभूमिमा आर्थिक वृद्धि र मुद्रास्फीतिबीच सन्तुलन कायम गर्नुपर्ने उद्देश्यले मौद्रिक नीतिको रुझान तय गर्नुपर्ने देखिए पनि आर्थिक वृद्धिमा गैरआर्थिक कारकहरूको बाहुल्यताले गर्दा अर्थतन्त्रमा पर्याप्त मात्रामा रहेको तरलता व्यवस्थापन गर्नुपर्ने परिप्रेक्षमा मूल्य स्थितिलाई केन्द्रबिन्दु मानेर आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिको कठोर रुझान तय गरिएको छ।

**मौद्रिक नीतिको आर्थिक लक्ष्य**

२७. आर्थिक वर्ष २०६३।६४ को आय-व्ययको सार्वजनिक वक्तव्यमा आर्थिक वृद्धिदरको लक्ष्य ५ प्रतिशत तोकिएको छ। मौद्रिक नीतिको प्राथमिक लक्ष्य मुद्रास्फीतिमा प्रतिकूल असर नपर्ने गरी सो वृद्धिलाई सहज तुल्याउन आवश्यक पर्ने तरलता यस बैंकले कायम गर्नेछ।

२८. मूल्य स्थिरता हाल जोखिममा रहेको हुनाले आर्थिक वर्ष २०६३।६४ को मौद्रिक नीतिलाई मुद्रास्फीति नियन्त्रण गर्नेतर्फ केन्द्रित गरिने छ। अन्तर्राष्ट्रिय स्तरमा मूल्य वृद्धि चासोको रुपमा लिइएको र तदनुरुप केन्द्रीय बैंकहरूले मौद्रिक नीतिको कठोर रुझान अख्तियार गरेका तथा मौसम अनुकूल रही खाद्यजन्य वस्तुहरूको मूल्य नियन्त्रित रहने अनुमानको आधारमा आर्थिक वर्ष २०६३।६४ मा औषत मुद्रास्फीति ६ प्रतिशत रहने प्रक्षेपण छ। अन्तर्राष्ट्रिय स्तरमा तेलको उच्च मूल्य वृद्धिको प्रवृत्ति यथावत रहेकोले मुद्रास्फीतिको प्रक्षेपण विगतको जस्तो सहज भने छैन। नेपाल आयल निगमको हालसम्मको सञ्चित नोक्सानीमध्ये एक तिहाइ मात्र क्षतिपूर्ति गर्ने र समबिन्दुमा निगम सञ्चालन हुने हिसाबले तेलको मूल्यमा समायोजन गर्ने हो भने पनि मुद्रास्फीतिमा थप ३ प्रतिशत बिन्दुले चाप पर्ने देखिन्छ।

२९. निजी क्षेत्रको विप्रेषण आप्रवाह बढ्ने क्रम यथावत रहने र द्विपक्षीय तथा बहुपक्षीय विदेशी सहायता वृद्धि हुने अनुमानको आधारमा आर्थिक वर्ष २०६३।६४ मा रु. १६ अर्ब बराबरको शोधनान्तर बचत कायम रहने प्रक्षेपण छ ।

**मौद्रिक लक्ष्य तथा मौद्रिक योगाङ्कहरूको प्रक्षेपण**

३०. आर्थिक वर्ष २०६३।६४ मा उपरोक्त आर्थिक लक्ष्यहरू र विद्यमान स्थिर विनिमयदर प्रणालीसँग सामञ्जस्य हुनेगरी मौद्रिक व्यवस्थापन गरिने छ। आर्थिक वृद्धिदर ५ प्रतिशत, मुद्रास्फीति ६ प्रतिशत र शोधनान्तरमा आवश्यक बचत कायम गर्ने हिसाबले आर्थिक वर्ष २०६३।६४ को लागि विस्तृत मुद्राप्रदायको वृद्धि १६ दशमलव १ प्रतिशत प्रक्षेपण गरिएको छ।

३१. आर्थिक वर्ष २०६३।६४ मा नेपाल सरकारलाई बैंकिङ्ग क्षेत्रबाट रु. ८ अर्ब ३० करोड मात्र खुद कर्जा प्रवाह हुने प्रक्षेपण छ।

३२. बैंकिङ्ग क्षेत्रको बढी भन्दा बढी वित्तीय साधन निजी क्षेत्रले उपयोग गरोस् भन्ने यस बैंकको ध्येय रहेको छ। यस परिप्रेक्षमा आर्थिक वर्ष २०६३।६४ मा निजी क्षेत्रमा प्रवाहित बैंक कर्जा १८ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ।

३३. निजी क्षेत्रको विप्रेषण आप्रवाह बढ्ने क्रम यथावत रहने अनुमानको आधारमा वाणिज्य बैंकहरूको आवधिक निक्षेप १६ दशमलव ५ प्रतिशतले विस्तार हुने प्रक्षेपण छ।

**मौद्रिक नीतिको सञ्चालन लक्ष्य**

३४. आर्थिक वर्ष २०६३।६४ मा पनि वाणिज्य बैंकहरूको अधिक तरलतालाई मौद्रिक नीतिको सञ्चालन लक्ष्यको रुपमा निरन्तरता दिइने छ। मौद्रिक नीतिका लक्ष्यहरु हासिल गर्ने उपायको रुपमा सो लक्ष्यलाई सीमाभित्र कायम गर्न यस बैंकको साप्ताहिक वासलातमा आधारित तरलता अनुगमन तथा प्रक्षेपण संरचनाले दिएको परिणामलाई मार्गदर्शन मानेर खुला बजार कारोवार गरिने छ।

३५. वाणिज्य बैंकहरूको अधिक तरलतालाई सञ्चालन लक्ष्यको रुपमा लिइएको हुनाले वाणिज्य बैंकहरूलाई मौद्रिक नीति सञ्चालनको समकक्षी (counterparties) को रुपमा लिइने व्यवस्थालाई निरन्तरता दिइएको छ।

**मौद्रिक उपकरण तथा कार्यान्वयन कार्यविधि**

३६. नेपाली मुद्रामा प्रवाह हुने निर्यात पुनरकर्जा दरलाई ३ दशमलव ५ प्रतिशतमै यथावत कायम गरिएको छ। रुग्ण उद्योग पुनरकर्जा दरलाई पनि १ दशमलव ५ प्रतिशत यथावत कायम गरिएको छ।

३७. साना तथा घरेलु उद्योगहरूमा देखिएको संकटग्रस्त अवस्थालाई सुधार्न सहयोग पुऱ्याउने उद्देश्यले त्यस्ता उद्योगहरूलाई बैंक तथा वित्तीय संस्था मार्फत ३ दशमलव ५ प्रतिशत दरमा पुनरकर्जा सुविधा उपलब्ध गराइने छ।

३८. रुग्ण उद्योग पुनरकर्जा सुविधालाई आर्थिक वर्ष २०६३।६४ मा पनि निरन्तरता दिई रु. २ अर्बको रुग्ण उद्योग पुनरकर्जा सुविधा यथावत राखिएको छ। साथै, नेपाल सरकारले

परिभाषित गरे अनुसार दलित, जनजाति, उत्पीडित तथा महिला वर्गलाई केही राहत पुऱ्याउनुको साथै वैदेशिक रोजगारी प्रवर्द्धन गर्ने उद्देश्यले आर्थिक वर्ष २०६३।६४ को लागि उपरोक्त समूहहरूले लिने कर्जामा पनि रुग्ण उद्योगलाई प्रदान गरिने पुनरकर्जा सुविधा सरह रु. ५० करोडसम्मको पुनरकर्जा सुविधा उपलब्ध गराइने छ ।

३९. अनिवार्य नगद अनुपातलाई साधनको लागत घटाउने र ब्याजदर फरक घटाउने उपायको रुपमा क्रमशः कटौती गर्दै न्यूनतम ३ प्रतिशतमा झार्ने मध्यकालीन नीति रहे पनि मुद्रास्फीतिमा चापको स्थितिलाई दृष्टिगत गरी अनिवार्य नगद अनुपातलाई ५ प्रतिशतमा यथावत् कायम गरिएको छ ।

४०. बिक्री बोलकबोल, खरीद बोलकबोल, रिपो बोलकबोल र रिर्भस रिपो बोलकवोल जस्ता खुला बजार कारोबार उपकरणहरु मार्फत तरलता प्रशोचन तथा प्रवाह गर्ने व्यवस्थालाई यथावत कायम गरिएको छ ।

४१. निजी क्षेत्रको उच्च विप्रेषण आप्रवाह वृद्धिका कारण वाणिज्य बैंकहरूसँग अधिक तरलताको स्थिति सिर्जना भई अर्थतन्त्रमा विसंगति देखा पर्ने अवस्था आएमा र यस बैंकको स्वामित्वमा रहेका नेपाल सरकारको ट्रेजरी विल्स वाणिज्य बैंकहरूसँग रहेको अधिक तरलता प्रशोचन गर्न अपर्याप्त भएमा आवश्यकताअनुसार नेपाल राष्ट्र बैक ऋणपत्र समेत जारी गरी तरलता प्रशोचन गरिने छ ।

४२. आन्तरिक भुक्तानी प्रणालीमा कुनै विघ्नवाधाहरु नआउन् र वित्तीय क्षेत्र स्थायित्व जोखिममा नपरोस् भन्ने उद्देश्यले साविकको प्रकृया बमोजिम स्थायी तरलता सुविधा यथावत कायम गरिएको छ । साथै, स्थायी तरलता सुविधाको अधिकतम भुक्तानी समयावधि ५ दिन कायम गरिएको छ ।

**अब म लघु वित्तसँग सम्बन्धित कार्यक्रमको बारे संक्षिप्त रुपमा चर्चा गर्न चाहन्छु ।**

४३. आर्थिक वर्ष २०६३।६४ को आय-व्ययसम्बन्धी वक्तव्यमा ग्रामीण क्षेत्रमा माग हुने लघु कर्जा बजारको विस्तार र कुशलता बढाउन कानूनी र संस्थागत सुधार गर्ने उद्देश्यले राष्ट्रिय लघु वित्त नीतिसम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याइने उल्लेख भइसकेको छ । सो नीति जारी भइसकेपछि सोको नीति तथा ऐनको उद्देश्यप्राप्तिका लागि अल्पकालीन, मध्यमकालीन र दीर्घकालीन कार्ययोजना बनाई सोअनुसार कार्यान्वयन गरिने छ ।

४४. लघु कर्जा मार्फत ग्रामीण रोजगारी वृद्धि गर्ने र गरिबी निवारण गर्न सहयोग पुऱ्याउने हिसाबले स्थापना भएको ग्रामीण स्वावलम्बन कोषलाई हालसम्म यस बैंक आफैंले सञ्चालन गर्दै आएको छ । नेपाल सरकारले पटक/पटक गरी जम्मा रु ४ करोड बिज पूँजी लगानी गरेको छ । आर्थिक वर्ष २०५९।६० देखि आर्थिक वर्ष २०६१।६२ बीचमा यस बैंकले आफ्नो मुनाफाबाट रु २५ करोड ३४ लाख सो कोषमा दाखिला गरेको छ । आर्थिक वर्ष २०६३।६४ को आय-व्ययसम्बन्धी वक्तव्यमा नेपाल सरकारले सो कोषमा रु १० करोड थप पूँजी उपलब्ध गराउने उल्लेख छ । यस प्रकार सो कोषमा ग्रामीण लघु कर्जा विस्तारको लागि कुल रु ३९ करोड ३४ लाख उपलब्ध हुने भएको छ । यसका साथै, ग्रामीण क्षेत्रमा लघु कर्जा विस्तार गर्ने उद्देश्यले परियोजना अवधि समाप्त भएका विभिन्न लघु वित्तीय परियोजनाहरूको दायित्व तथा सम्पत्ति आर्थिक वर्ष २०६३।६४ देखि यस बैंकबाट ग्रामीण स्वावलम्बन कोषमा हस्तान्तरण गरिने कार्यक्रम रहेको छ ।

४५. आर्थिक वर्ष २०६३।६४ भित्र ग्रामीण स्वावलम्बन कोषलाई एउटा स्वशासित र सङ्गठित "लघु वित्त तथा सहकारी संस्था" मा रुपान्तरण गरिनेछ ।

४६. यस बैंकलाई पूर्णतया नियमक संस्थाको रुपमा रुपान्तरण गर्ने ध्येयले यस बैंकको स्वामित्वमा रहेका ग्रामीण विकास बैंकका शेयर नेपाल सरकारलाई हस्तान्तरण गर्नेतर्फ प्रयास गरिने छ ।

४७. देशको पहाडी जिल्लामा पनि लघु वित्त कार्यक्रम विस्तार गर्दै लैजानु पर्ने आवश्यकता रहेको सन्दर्भमा लघु वित्त विकास बैंकलाई ४ देखि १० जिल्लासम्म कार्य सञ्चालनको लागि न्यूनतम पूँजी रु. २ करोड आवश्यक पर्ने व्यवस्था रहेकोमा सोही पूँजीको आधारमा थप ५ वटा पहाडी जिल्ला समेत गरी १५ जिल्लामा लघु वित्त कार्यक्रम सञ्चालन गर्न सक्ने नीतिगत व्यवस्था गरिएको छ ।

४८. ग्रामीण क्षेत्रमा कार्यरत लघु वित्तीय संस्थाहरुको सुदृढीकरण हुनु आवश्यक छ । यस्ता वित्तीय संस्थाहरुमा शेयर लगानी गर्नु पनि सुदृढीकरणको एउटा उपाय हो । सरकारी र निजी दुबै क्षेत्रबाट यी संस्थाहरुमा शेयर लगानी हुन सक्छ । यस सन्दर्भमा लघु वित्तीय संस्थानहरुमा शेयर लगानी गर्ने एउटा छुट्टै कोष स्थापना हुनु आवश्यक देखिएको छ । तसर्थ, इच्छुक स्वदेशी एवं विदेशी संघ संस्था तथा कम्पनीहरुले सो कोषमा रकम जम्मा गर्न सक्ने व्यवस्था मिलाइने छ । वाणिज्य बैंकहरुले सो कोषमा जम्मा गरेको रकम विपन्न वर्ग कर्जामा लगानी गरे सरह मानिने छ भने विदेशी कम्पनीहरुको हकमा लगानीको प्रतिफल फिर्ता लैजान सक्ने सुविधा प्रदान गरिने छ ।

**अब म वित्तीय क्षेत्र सुधार कार्यक्रम बारे संक्षिप्त चर्चा गर्न चाहन्छु ।**

४९. आर्थिक वर्ष २०६३।६४ को आय-व्यय सम्बन्धी वक्तव्यमा बैक तथा वित्तीय संस्थाहरूबाट ऋण लिई नियतवश कर्जा नतिर्ने ऋणीहरूलाई ऋणको पुनर्तालिकीकरण गर्न २०६३ भदौ मसान्तसम्मको थप अवधि प्रदान गरिएको व्यहोरा उल्लेख भइसकेको छ । सो अवधिभित्र ऋण भुक्तान नगर्ने ऋणीहरूका सम्बन्धमा यस बैंकले नेपाल सरकारसँग समन्वय गरी त्यस्ता ऋणी उपर कडा कारवाही गर्ने प्रकृया अगाडि बढाउने छ ।

५०. आर्थिक वर्ष २०६३।६४ को आय-व्ययसम्बन्धी वक्तव्यमा समेत वित्तीय क्षेत्रमा हुन सक्ने सम्भाव्य ठगी तथा जालसाजीजन्य अपराधलाई निरुत्साहित गर्नको लागि बैंकिङ्ग अपराध तथा सजाय र मुद्रा शुद्धिकरण (anti-money laundering) नियन्त्रण ऐन जारी गर्ने व्यहोरा उल्लेख भइसकेको छ । साथै, बैंक तथा वित्तीय कम्पनी एकआपसमा गाभ्ने र गाभिने बेग्लै विधेयकको मस्यौदा तयार गरी सोलाई सरकार समक्ष पेश गर्नेतर्फ बैंक प्रयासरत रहने छ ।

५१. देशको दीगो आर्थिक विकासको लागि पूर्वाधारहरूको विकास हुनु आवश्यक भएको सन्दर्भमा वाणिज्य बैंक, वित्त कम्पनी, अन्य वित्तीय संस्थाहरू र निजी लगानीकर्ताहरूको संयुक्त पूँजी सहभागितामा पूर्वाधार विकास बैंक खोल्न यस बैंकले प्रोत्साहित गर्नेछ । यस्ता बैंकहरुको नियमनका लागि पूँजी पर्याप्तता, खराब कर्जा जगेडा व्यवस्था लगायतका नियमन सम्बन्धमा नेपाल राष्ट्र बैंकले छुट्टै वित्तीय मापदण्डहरूको व्यवस्था गरी लागू गर्नेछ ।

५२. नेपाल सरकारको आर्थिक वर्ष २०६३।६४ को आय-व्ययसम्बन्धी वक्तव्यमा आन्तरिक द्वन्द्वका कारण रुग्ण भएका उद्योगहरूलाई पुनरुत्थान गर्न सरकार, केन्द्रीय बैंक, वित्तीय संस्था एवं पुनरुत्थान हुन चाहने उद्यमी व्यवसायीको सहभागितामा औद्योगिक पुनर्निर्माण कोष स्थापना गरिने उल्लेख छ । सो कोष स्थापनाको लागि वाणिज्य बैंक र उद्यमीबीच

समन्वयात्मक रुपमा कार्य अगाडि बढाई बजेट वक्तव्यमा उल्लेख भएबमोजिम सो कोषको कुल पूँजी रु. २ अर्बसम्म पुऱ्याउन नेपाल राष्ट्र बैंकले आवश्यक प्रयास गर्नेछ । सो कोष गठनको लागि यस बैंकले आवश्यक प्रक्रिया तथा व्यवस्था तर्जुमा गर्ने छ ।

५३. आर्थिक वर्ष २०६२।६३ को मौद्रिक नीतिमा ऋणपत्र सम्बन्धी म्युचुअल फण्डस् कारोबार गर्ने वित्तीय संस्थाहरुलाई प्रोत्साहन गर्ने उल्लेख भएको थियो । सो सम्बन्धमा केही वाणिज्य बैंकहरुले चासो देखाइरहेकोमा यस बैंकले ती बैंकहरुलाई आवश्यक सहयोग पनि पुऱ्याउँदै आएको छ । दीर्घकालीन साधन परिचालनमा यसप्रकारको फण्डस्को महत्वलाई दृष्टिगत गरी नेपाल धितोपत्र बोर्डसँग आवश्यक समन्वय गरी ऋणपत्रसम्बन्धी म्युचुअल फण्डस् कारोबार गर्ने वित्तीय संस्थाहरुलाई प्रोत्साहन गर्ने नीतिलाई यस वर्ष पनि कायम राखिएको छ ।

५४. बैंक तथा वित्तीय संस्थाहरुको चुक्ता पूँजी वृद्धि गर्ने अभिप्रायले राष्ट्रिय स्तरका वाणिज्य बैंकहरुतर्फ नयाँ स्थापना हुने बैंकहरुको हकमा सुरुमा नै रु. १ अर्बको चुक्ता पूँजी हुनुपर्ने र स्थापना भइसकेका बैंकहरुको हकमा २०६६ आषाढ मसान्तभित्र चुक्ता पूँजी रु. १ अर्ब पुऱ्याई सक्नुपर्ने व्यवस्था रहेको छ । यस प्रयोजनको लागि सबै बैंकहरुबाट प्रत्येक वर्ष आफ्नो मुनाफाबाट पूँजी समायोजन कोषमा रकम विनियोजन हुँदै आएको छ । उपरोक्त व्यवस्थामा केही समसामयिक परिवर्तन गरी वाणिज्य बैंकहरुले पूँजी वृद्धि गर्ने प्रयोजनको लागि २०६६ आषाढ मसान्तभित्र चुक्ता पूँजी नै रु. १ अर्ब पुऱ्याए पनि हुने वा माथि उल्लेखित पूँजी समायोजन कोष र चुक्ता पूँजी समेत गरी रु. १ अर्ब पुऱ्याए पनि हुने व्यवस्था गरिएको छ । समायोजन सहितको चुक्ता पूँजी रु. १ अर्ब पुऱ्याउने बैंकहरुको हकमा चुक्ता पूँजी भने न्यूनतम रु. ५० करोड पुगेको हुनैपर्ने व्यवस्था गरिएको छ । २०६६ आषाढसम्ममा पनि माथि उल्लेख गरिए बमोजिम तोकिएको पूँजी नपुऱ्याउने बैंकहरुको हकमा निम्नानुसारको एक वा सबै उपायहरु अवलम्बन गरिने छ :

(अ) लाभांश घोषणा तथा वितरण (बोनस शेयर समेत) मा रोक लगाइने,

(आ) शाखा विस्तारमा रोक लगाइने,

(इ) निक्षेप परिचालनमा सीमा तोक्ने,

(ई) प्रतिव्यक्ति वा समूहमा गरिने कर्जा लगानीको सीमा (Single Obligor Limit) मा कटौती गर्ने,

(उ) अन्य उपर्युक्त कारबाही गर्ने ।

यस अवस्थाबाट बैंकहरु आ-आफ्नो पूँजी वृद्धि गर्न वा एक आपसमा गाभिने (Merger and Acquisition) कामकारबाही सुरु गर्न अभिप्रेरित हुने अपेक्षा राखिएको छ ।

५५. आ-आफ्नो खातामा पर्याप्त मौज्दात नभएको अवस्थामा पनि र मौज्दात पर्याप्त भए पनि विभिन्न आधारमा भुक्तानी नहुने अवस्थाको चेक जारी गर्ने प्रवृत्तिलाई कडाईका साथ नियन्त्रण गर्ने उद्देश्यले निम्न बमोजिमको व्यवस्था गरिएको छ :

(क) एकपटक भुक्तानी नभईकन फिर्ता भएको चेकको हकमा भुक्तानी पाउनु पर्ने व्यक्तिले चेक जारी गर्ने व्यक्तिलाई भुक्तानीको लागि बढीमा ७ दिनको समय दिई सम्बन्धित बैंक वा वित्तीय संस्थामा पुनः चेक पेश गर्न सक्नेछ,

(ख) सो म्याद पश्चात् पनि रकम भुक्तानी नभएको खण्डमा रकम भुक्तानी पाउनु पर्ने व्यक्तिले चेकको रकम भुक्तानी गर्नुपर्ने बैंकमा लिखित रूपमा जानकारी दिनु पर्नेछ,

(ग) यसरी लिखित जानकारी प्राप्त भएपछि सम्बन्धित बैंकले चेक जारी गर्ने त्यस्ता व्यक्तिलाई रकम भुक्तानी गर्न बढीमा ७ दिनको सूचना दिनेछ र सो मितिभित्र पनि रकम भुक्तानी हुन नसकेमा त्यस्तो चेक खिच्ने व्यक्तिलाई सम्बन्धित बैंक तथा वित्तीय संस्थाले अनिवार्य रूपमा प्रचलित व्यवस्था अनुरूप कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा सूचीकृत गर्नुपर्नेछ,

(घ) कुनै व्यक्तिले बैंक वा वित्तीय संस्थालाई त्यस्तो भुक्तानी नहुने चेक दिएमा समेत यस बैंकको विद्यमान एकीकृत निर्देशनको ई.प्रा. निर्देशन नं. १२ को दफा १० को उपदफा (१) को खण्ड (झ) बमोजिम कालोसूचीमा राख्नु पर्नेछ,

(ङ) उपरोक्त खण्ड (ख) र (ग) बमोजिम नगर्ने बैंक तथा वित्तीय संस्थालाई ई.प्रा. निर्देशन नं. १२ को दफा १७ बमोजिम कारबाही हुनेछ ।

५६. बैंक तथा वित्तीय संस्थाहरूले कायम राख्नुपर्ने पूँजी पर्याप्तता (Capital Adequacy) अनुपात सम्बन्धमा आर्थिक वर्ष २०६१।६२ सम्म ११ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०६२।६३ देखि १२ प्रतिशत गर्नुपर्ने व्यवस्था गरिएको थियो । नेपालमा सन् २००७ देखि लागू हुने गरी पूँजी पर्याप्ततासम्बन्धी अन्तर्राष्ट्रिय मापदण्ड BASEL II लागू गर्ने यस बैंकको कार्यक्रम रहेको हुँदा तत्पश्चात पूँजी पर्याप्तता सोही बमोजिम हुनेछ । यस परिप्रेक्ष्यमा र गत आर्थिक वर्ष मुलुकले व्यहोर्नु परेको असहज परिस्थितिको कारण बैंक तथा वित्तीय संस्थाहरुको कारोबारमा परेको प्रतिकूल प्रभाव समेतलाई ध्यानमा राखी पूँजी पर्याप्तता अनुपात सम्बन्धमा BASEL II अनुरुपको प्रावधान लागू नभएसम्मको लागि आर्थिक वर्ष २०६२।६३ देखि गणना हुने गरी ११ प्रतिशत कायम गरिएको छ ।

**अब म विदेशी विनिमय क्षेत्रतर्फ चालिएका सुधारका केही कदमहरुबारे चर्चा गर्न चाहन्छु ।**

५७. स-साना रकमको विदेशी मुद्रा भुक्तानी प्रणालीलाई सरल बनाउने उद्देश्यले विभिन्न व्यक्ति तथा संघ संस्थालाई विभिन्न प्रयोजनको लागि उपलब्ध गराइने सटही सुविधाको सीमा अमेरिकी डलर १,५०० बाट वृद्धि गरी अमेरिकी डलर २,५०० पुऱ्याइएको छ ।

५८. संयुक्त राज्य अमेरिका, क्यानाडा, अष्ट्रेलिया, न्यूजील्याण्ड तथा बेलायत जस्ता बिकसित देशहरूमा नियमानुसार आप्रवास भिसामा जाने नेपाली नागरिकहरूलाई यस्तो भिसा प्राप्त व्यक्तिको हकमा अमेरिकी डलर ५,००० सम्म र निजको परिवार समेत जाने भएमा अमेरिकी डलर १०,००० सम्मको सटही सुविधा वाणिज्य बैंकहरू आफैले प्रदान गर्न सक्ने व्यवस्था गरिएको छ ।

५९. भारतबाहेक अन्य मुलुकहरूबाट १ वर्षभन्दा बढी अवधिको Usance प्रतीतपत्र समेत सम्बन्धित वाणिज्य बैंक आफैले खोल्नसक्ने व्यवस्था गरिएको छ ।

६०. नेपालमा संचालित उद्योगहरूको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले भारतबाट अमेरिकी डलर भुक्तानी गरी आयात गरिने कच्चापदार्थ तथा माध्यमिक (intermediate) वस्तुहरूको संख्या हाल ९१ रहेको छ । उपरोक्त उद्देश्य प्राप्तिका लागि सो संख्या थप गर्दै जाने साविकको नीतिलाई यस वर्ष पनि यथावत राखिएको छ ।

६१. विश्वका धेरै देशहरुले मध्ययुगदेखि नै entrepot trade गर्दै आएको पाइन्छ । ती देशहरुमा यस किसिमको व्यापार विदेशी विनिमय आर्जनको महत्वपूर्ण स्रोतको रुपमा रहँदै आएको छ । खुला बजारको अवधारणाले गति लिएको वर्तमान परिस्थितिमा यस बैंकले यसै आर्थिक वर्षदेखि entrepot trade सम्बन्धी नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याउने छ । नेपालका व्यापारीले कुनै देशको निर्यातकर्तासँग आयात प्रतीतपत्र खोली उक्त

प्रतीतपत्रअन्तर्गतका सामान नेपाली सीमा प्रवेश नगरी प्रतीतपत्रमा उल्लेखित रकमभन्दा बढी मूल्यमा अन्य देशमा निर्यात गर्न चाहेमा त्यस्तो कारोबार गर्नसक्ने व्यवस्था गरिएको छ ।

६२. स्थलमार्गबाट चीनको स्वशासित क्षेत्र तिब्बत र भारत बाहेक अन्य सार्क मुलुकहरूमा निजी भ्रमणमा जाने व्यक्तिहरूलाई सम्बन्धित देशको प्रवेशाज्ञा भएमा पासपोर्टबापत उपलब्ध गराइने सटही सुविधाको रकमलाई अमेरिकी डलर ३०० बाट बढाएर अमेरिकी डलर १,००० पुऱ्याइएको छ ।

६३. यस बैंकबाट स्वीकृति प्राप्त मनिचेन्जर फर्म/कम्पनीले परिवर्त्य विदेशी मुद्रा खरीद गरी प्राप्त परिवर्त्य विदेशी मुद्रा (क) वाणिज्य बैंकहरूलाई विक्री गर्न सक्ने, (ख) प्रचलित व्यवस्था अन्तर्गत रही मनिचेन्जर फर्म/कम्पनीहरूले नेपालका बैंक तथा वित्तीय संस्थामा परिवर्त्य विदेशी मुद्रामा खाता खोल्न सक्ने, र (ग) प्रचलित व्यवस्था अन्तर्गत रही त्यस्ता कम्पनीहरूले पासपोर्ट वापतको सटही सुविधा उपलब्ध गराउन सक्ने व्यवस्था गरिएको छ ।

६४. म्यानपावर कम्पनीहरूले आफ्नो व्यवसाय विस्तारको लागि विदेशमा नियमानुसार शाखा/प्रतिनिधि/सम्पर्क कार्यालय खोली त्यस्ता कार्यालय सञ्चालनका लागि नेपाल सरकारको सम्बन्धित विभागको सिफारिस साथ विदेशी मुद्राको सटही माग गरेमा नेपाल राष्ट्र बैंकबाट आवश्यकतानुसार सटही सुविधा उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

६५. मौद्रिक नीति, वित्तीय क्षेत्र तथा बाह्य क्षेत्रसम्बन्धी विस्तृत व्याख्या र नीतिगत व्यवस्था मौद्रिक नीतिको मूल दस्तावेजमा समावेश गरी सार्वजनिक जानकारीको लागि प्रकाशित गरी यस बैंकको वेबसाइटमा समेत राखिएको व्यहोरा पुनः अनुरोध गर्न चाहन्छु ।

**अन्त्यमा,**

६६. नेपाल राष्ट्र बैंक ऐन, २०५८ ले व्यवस्था गरेबमोजिम आर्थिक वर्ष २०५९।६० देखि यस बैंकले प्रत्येक वर्ष वार्षिक मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक गर्दै आएको सर्वविदितै छ । मौद्रिक नीतिका विद्यमान चुनौतीहरू र वित्तीय तथा बाह्य क्षेत्र सुधार कार्यक्रमलाई केन्द्रबिन्दु बनाई यस क्रममा पाँचौं वार्षिक मौद्रिक नीति तर्जुमा गरी सार्वजनिक गर्न पाएकोमा मलाई खुसी लागेको छ ।

६७. प्रस्तुत मौद्रिक नीति तर्जुमा गर्दा सहयोग पुऱ्याउने नेपाल सरकारका विभिन्न निकायहरू, बैंक तथा वित्तीय संस्थाहरू, विविध व्यावसायिक संघ संस्थाहरू, विद्वत वर्ग र अन्तर्राष्ट्रिय संघ संस्थाहरूलाई यस बैंकको तर्फबाट धन्यवाद दिन चाहन्छु ।

६८. साथै, यस मौद्रिक नीतिमा व्यवस्था भएका नीतिगत व्यवस्था तथा कार्यक्रमहरूको कार्यान्वयनमा मैले सदाझैं यहाँहरूको सहयोग मिल्ने अपेक्षा राखेको छु। यस वर्षको मौद्रिक नीतिमा व्यवस्था भएका नीतिगत प्रावधान तथा कार्यक्रमहरूको कार्यान्वयनबाट समष्टिगत आर्थिक स्थायित्व कायम गर्न, लक्षित आर्थिक वृद्धिदर सहज तुल्याउन र वित्तीय क्षेत्र स्थायित्व सुदृढ गर्न मद्दत पुग्ने यस बैंकको विश्वास रहेको छ ।

धन्यवाद ।